# फिदिम नगरपालिका

## स्थानीय राजपत्र

(फेदेन पत्र)

भाग : २ खण्ड: ३ संख्या:१६

# फिदिम नगरपालिका

# कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७६

आज्ञाले,

विनोद कुमार दाहाल

प्रमुख प्रशासकीय अधिकृत

# फिदिम नगरपालिकामा साना समुह सन्चालन कार्यविधि

| | |
|---|---|
| कार्यपालिका बैठकबाट स्वीकृत मिति | २०७६/०८/२२ |
| प्रमाणिकरण भएको मिति | २०७६/०८/२३ |

फिदिम नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

फिदिम, पाँचथर

१ नं. प्रदेश,नेपाल

# साना सिंचाई विशेष कार्यक्रम कार्यान्वयन कार्यविधि

## १ पृष्ठभुमि

कृषि वालीको उत्पादन तथा उत्पादकत्व बढाउन सिंचाईको महत्वपूर्ण भुमिका खेलेको हुन्छ। ठूला सिंचाई आयोजनाहरुको निर्माण लागत खर्च र समय बढी लाग्ने तथा तत्काल किसानको समस्या समाधान गर्न नसकिने भएकाले किसानहरुको वास्तविक आवश्यकतामा आधारित सामूहिक उपभोक्ताका स-साना सतह सिंचाई प्रणाली संरचनाहरु, बर्षातको पानी जम्मा गर्ने पानी पोखरीहरु, भुमिगत सिंचाई प्रणाली, नविनतम प्रविधिमा आधारित सिंचाई प्रणालीको निर्माण, संञ्चालन एवं मर्मत संम्भार गरी सिंचाई व्यवस्थापन गर्न अनुदान सहयोग दिई सिंचाई सुविधा सुनिश्चता गर्न साना सिंचाई विशेष कार्यक्रम संञ्चालनको लागि ससर्त बजेट व्यवस्था भएको छ।खाद्य सूरक्षा एवं आय आर्जनको पृष्ठभुमिमा संञ्चालन गरिने यो कार्यक्रम कृषक सहकारी संस्था/ उपभोक्ता समिति वा संस्था/ कृषक समूह/व्यवसायिक कृषि फर्महरुमा केन्द्रित रहेर कार्यान्वयन गरिने छ।

२ उद्धेश्य: सिंचाई क्षेत्रको विस्तार मार्फत कृषि वालीको उत्पादन तथा उत्पादकत्व बृद्धि गर्दै आय आर्जनको माध्यमबाट गरीवी निवारणमा टेवा पुऱ्याउने ।

## ३ परिभाषा

यस निर्देशिकामा:

३.१ साना सिंचाई विशेष कार्यक्रम भन्नाले पहाडमा बढीमा २५ हेक्टर ( सिचाई निति २०७०) सिंचाई हुने गरी नेपाल सरकारको तर्फ बाट बढीमा रु तीन लाख सम्मको अनुदान सहयोग र उपभोक्ता समेतबाट ईष्टिमेटको कम्तीमा १५% को रकम नगद वा जिन्सी वा श्रमदान वा तीनै थरीको सहयोग योगदान स्वरुप उपलब्ध गराई निर्माण गरिने स-साना सतह सिंचाई प्रणाली संरचनाहरु आधारित सिंचाई प्रणाली लाई जनाउंदछ।

३.२ सहकारी संस्था/उपभोक्ता संस्था वा समिति/ कृषक समूह/कृषि फार्म भन्नाले मान्यता प्राप्त हुने गरी स्थापित भई सक्रिय रुपमा कार्य गरिरहेका कृषि सहकारी संस्था/उपभोक्ता संस्था वा समिति/कृषक समूह/ कृषि फार्महरुलाई जनाउँदछ।

४ आयोजना छनौटका आधारहरुः

क) संस्थाको सक्रियता वा सवलता

ख) समावेशिता

ग) आयोजनाको लागि वितिय सहभागिता

घ) सतह सिंचाई

ङ) कार्यक्रमको आवश्यकता तथा प्राथमिकता

च) सिंचित क्षेत्रफल विस्तार तथा व्यवसायिकरणको सम्भावना

५ संयोजक वा निजको दायित्व

साना सिंचाई विशेष कार्यक्रमको लागि फिदिम नगरपालिका कृषि विकास शाखा लाई संयोजक तोकी जिम्मेवारी दिने वा निज नभएको खण्डमा प्रमुखले कुनै अधिकृत वा कर्मचारीलाई संयोजक तोकी जिम्मेवारी सुम्पिनु पर्नेछ।

५.१ संयोजकले नगरका अन्य सम्बन्धित प्राविधिकको सहयोगमा निरीक्षण, अनुगमन जस्ता कार्यहरु गर्नु पर्नेछ।

५.२ संयोजकले प्रत्येक आयोजना सम्बन्धी भए गरेका कार्यहरुको संक्षिप्त अभिलेख राख्नु पर्नेछ।

६ कार्यक्रम संञ्चालन प्रक्रिया

६.१ सूचना प्रवाहः फिदिम नगरपालिकाले साना सिंचाई विशेष कार्यक्रम संञ्चालन गर्दा अपनाउनुपर्ने आधारहरु तथा कार्यविधि बारे आ-आफ्नो क्षेत्रमा सूचना संञ्चार प्रविधिका उपयुक्त माध्यमबाट कम्तिमा ३० दिनको सूचना प्रवाह गराउनु पर्ने छ।

६.२ निवेदनः उपयुक्त कार्यक्रम अन्तर्गत संञ्चालन हुने कुनै पनि सिंचाई आयोजना कार्यान्वयनको लागि सहकारी संस्था/ उपभोक्ता समिति वा संस्था/ कृषक समूह/

कृषि फर्म बाट निवेदन माग फारम फिदिम नगरपालिकामा पेश गर्नुपर्ने छ (अनुसूचि १)। यसरी माग पत्र दर्ता गराउँदा सहकारी संस्था/ उपभोक्ता समिति वा संस्था/ कृषक समूह को तर्फबाट प्रति आयोजना रु १००।-का दरले राजश्व दाखिला गरी बैंक भौचर वा नगद पेश गर्नुपर्नेछ।

६.३ स्वोघोषणाः आयोजना मागको निवेदन दर्ता गराउँदा सहकारी संस्था/उपभोक्ता समिति वा संस्था/कृषि समूह/ कृषि फार्महरुको तर्फबाट आयोजना माग गरेकै कामका लागि दोहोरिने गरी अन्य कुनै पनि निकायबाट अनुदान माग नगरेको स्वघोषणा समेत संलग्न गर्नुपर्नेछ।

६.४ आयोजना (स्किम) को मोटामोटी लागत र निवेदन संस्था/समूह/फर्मले व्यहोर्ने प्रतिशत समेत आफ्नो निवेदनमा खुलाउनुपर्नेछ।

छनौट प्रकृयाः फिदिम नगरपालिकाले साना सिंचाई कार्यक्रम बारे माग भई आएका निवेदनहरु दफा ३ बमोजिमका आधारहरुको अधिनमा रही प्रारम्भिक छनौट गरी साना सिंचाई विशेष कार्यक्रम छनौट समितिबाट पारित गराउनु पर्नेछ। यसरी पारित भएका आयोजनाहरुको लागत ईष्टिमेट देहाय अनुसार हुनु पर्नेछ।

(क) रु १५०,०००।- सम्म लागत लाग्ने सम्भावना भएका स्कीमको हकमा ईरिगेसन ईन्जिनियरिङ्ग बिषयमा तालिम प्राप्त कृषि प्राविधिकले स्थलगत सर्बेक्षण गरी लागत ईष्टिमेट तयार गरी स्वीकृतिको लागि फिदिम नगर कार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ।

(ख) रु १५०,०००।- भन्दा बढी लागत लाग्ने सम्भावना भएका स्कीमको हकमा उपलब्ध नगरपालिकामा कार्यरत ईन्जिनियर/सब-ईन्जिनियर/अस्सिस्टेन्ट सब- ईन्जिनियर बाट स्थलगत सर्भेक्षण गरी लागत ईष्टिमेट तयार गरी स्वीकृतिको लागि फिदिम नगर कार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ।

(ग) यी सबै किसिमको स्किमको लागत ईष्टिमेटको स्वीकृति फिदिम नगरपालिका प्रमुख प्रशासकिय अधिकृतबाट गराउनु पर्नेछ। उक्त कार्यको लागि आवश्यक दै. भ्र. भ. फिदिम नगरपालिकाबाट उपलब्ध हुनेछ।

६.६ साना सिंचाई विशेष कार्यक्रम छनौट समिति

साना सिंचाई विशेष कार्यक्रम आयोजनाहरु छनौट गर्न समन्वय, अनुगमन, मुल्याङ्कनका लागि फिदिम नगरपालिका अन्तर्गत आर्थिक विकास समिति रहनेछ।

६.७ लागत ईष्टिमेटः लागत ईष्टिमेट तयार गर्दा कुल लागतको (जनसहभागिताको रकम बाहेक) बढीमा ३% कन्टिन्जेन्सी स्वरुप राखिनेछ जुन रकम फिदिम नगरपालिकाले साना सिंचाई कार्यक्रम अनुगमन, मुल्याङ्कन तथा मसलन्द सामाग्री र अन्य व्यवस्थापकिय कार्यमा नेपाल सरकारको प्रचलित आर्थिक ऐन नियम अनुसार खर्च गर्नुपर्नेछ।

६.८ कार्य सम्पन्न प्रतिवेदन:- डिजाईन, ईष्टिमेट, र सम्झौता अनुसार आयोजना (स्किम) को कार्य पूर्ण रुपले सम्पन्न भई संञ्चालन भएको अवस्थामा तपसिल बमोजिम कार्य सम्पन्न प्रतिवेदन दिनु पर्नेछ।

- निर्माण कार्य सूपरभिजन गर्ने वा फाईनल विल तयार गरी भुक्तानीको लागि पेश गर्ने वा सुपरभिजन गरी फाईनल विल तयार गर्ने प्राविधिकबाट आईटमवाईज कार्य सम्पन्न प्रतिवेदन तयार गरी सहकारी संस्था/उपभोक्ता समिति वा संस्था/कृषक समूह/कृषि फार्ममा पेश गर्ने ।
- यसरी प्राप्त कार्य सम्पन्न प्रतिवेदन बारे सहकारी संस्था/उपभोक्ता समिति वा संस्था/कृषक समूह/कृषि फार्म तथा फिदिम नगरपालिका बाट स्थलगत निरीक्षण गरी सन्तोकजनक रुपमा सम्पन्न भएको निर्माण कार्यको अन्तिम भुक्तानी र स्कीमको संञ्चालन अवस्था बारे संस्था/ समिति/ समूहको बैठकबाट निर्णय गराई फिदिम नगरपालिकामा पेश गर्ने ।
- बैठकको निर्णय सहित कार्य सम्पन्न प्राप्त भए पछि कार्यक्रम संयोजकको सिफारिसमा फिदिम नगरपालिकाले भुक्तानी दिने व्यवस्था गर्नेछ।
- फिदिम नगरपालिकाले कार्य सम्पन्न भएका आयोजनाहरुको जानकारी आर्थिक विकास समितिमा गराउने र सम्बन्धित संस्था/ समिति/ समूह/ सहकारी लाई कार्य सम्पन्नताको प्रमाण पत्र सहित आयोजना हस्तान्तरण गर्ने ।

६.९ मर्मत/संभार:- आयोजना सम्पन्न भई हस्तान्तरण भैसकेपछि सोको मर्मत संभार गर्ने सम्पूर्ण जिम्मेवारी सम्बन्धित सहकारी संस्था/उपभोक्ता समिति वा संस्था/कृषि समूह तथा कृषि फर्मको हुनेछ।

६.१० अनुगमन/सुपरिवेक्षण: साना सिंचाई विशेष कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन फिदिम नगरपालिकाको कार्यालय/ आर्थिक विकास समिति बाट गरिनेछ।

७ प्रगति प्रतिवेदन:

प्रगति प्रतिवेदन तथा कार्य प्रगतिको मूल्यांकन देहाय बमोजिमको प्रतिशतमा समायोजन गरी प्रस्तुत गर्नुपर्नेछ।

- सूचना प्रकाशन, निवेदन संकलन, प्रारम्भिक सर्बेक्षण र प्राथमिकता निर्धारण - १०%
- आयोजना पहिचान, लागत ईष्टिमेट तयारी, आयोजना छनौट सम्झौता तथा कार्य आदेश -२०%
- कार्य सम्पादन निरीक्षण, कार्य सम्पादन प्रतिवेदन तथा भुक्तानी - ७०%

८ कार्य तालिका

फिदिम नगरपालिका कृषि विकास शाखाले साना सिंचाई बिषेश कार्यक्रम अन्तर्गतका आयोजना कार्यान्वयनको लागि एक कार्य तालिका निर्माण गरी यथा समय सम्पन्न गर्नुपर्नेछ।

# अनुसूची-१

## साना सिंचाई कार्यक्रमबाट सहयोगको लागि दिनुपर्ने निवेदन

### बिषयः साना सिंचाई कार्यक्रमबाट सहयोगको लागि अनुरोध

श्री प्रमुख प्रशासकिय अधिकृत
फिदिम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय फिदिम, पाँचथर।

महोदय,

हामी निम्न लिखित निवेदन फारम (क) मा हस्ताक्षर भएका व्यक्तिहरुबाट फिदिम नं. पा. वडा नं. ................ मा अवस्थित........................................................ सिचाई आयोजनाको लागि साना सिचाई कार्यक्रमबाट सहयोग पाउँ भनी बर्तमान तथा संम्भावित उपभोक्ताहरुको तर्फबाट प्रति आयोजनमा रु १००।-(एक सय) का दरले राजश्व दाखिला गरेको भौचर वा नगदै पेश गरी आयोजना कार्यान्वयनमा लाग्ने मोटामोटी बजेट र समूहको निर्णय प्रतिलिपि सहित यो निवेदन दिएका छौ।हामीले यस कार्यक्रम अन्तर्गत अपनाउनुपर्ने नीति र कार्यविधिहरु सम्पूर्ण रुपमा बुझेका छौ।यसका लागि आवश्यक निवेदन फारमहरु (क) र (ख) सम्बन्धित कर्मचारीहरुको मद्दत बाट भरी पेश गरेका छौ।

स्वघोषणाः हामिले माग गरेको आयोजनाको कामकै लागि दोहोरिने गरी अन्य कुनै पनि निकाय बाट अनुदान रकम माग गरेका छैनौ।

निवेदक

कृषि सहकारी/जल उपोक्ता समिति/ कृषि समृह/ कृषि फार्मको
अध्यक्ष/ प्रतिनिधिको नामः
हस्ताक्षरः
मितिः
संस्थाको छापः

## निवेदन फारम (क)

### सतह सिंचाईको लागि निवेदन साथ संलग्न हुनुपर्ने निवेदन फारम

| क.सं. | उपभोक्ता निवेदकहरुको नाम | ठेगाना/स्थानिय निकायको नाम तथा वडा नं. | प्रतिनिधित्व गरेको क्षेत्र (शिर,मध्य र पुच्छर) | दस्तखत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |
| ९ | | | | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| १० | | | | |
| ११ | | | | |
| १२ | | | | |
| १३ | | | | |
| १४ | | | | |
| १५ | | | | |

द्रष्टव्य:- उपरोक्त १५ जना जल उपभोक्ता निवेदकहरु मध्ये शिर, मध्य र पुच्छर बाट ५-५ जनाको प्रतिनिधित्व हुनुपर्ने छ। एक परिवारबाट एक जना जग्गा धनीमात्र सदस्य रहनेछ।

## निवेदन फारम (ख)

१. आयोजना सम्बन्धि विवरण

१.१ प्रस्तावित आयोजनाको नाम:...........................................................................................................

१.२ प्रस्तावित आयोजनाको किसिम: नयाँ, मर्मत सुधार वा अन्य खुलाउने.....................................................

१.३ प्रस्तावित आयोजनाको ठेगाना: जिल्ला.................. स्थानिय निकायको नाम: .................. वडा नं...

१.४ क) वर्तमान जल उपभोक्ताहरुको परिवार संख्या ........................

ख) वर्तमान जल उपभोक्ताहरुको संख्या ...................................

१.५ क) थप संम्भाव्य परिवार संख्या ............................................

ख) थप संम्भाव्य जल उपभोक्ता संख्या......................................

२. आयोजना स्थल सम्म पुग्ने बाटो

| बाट (ठाउँ) | सम्म (ठाउँ) | सम्भाव्य साधन (पैदल वा गाडी) | अनुमानित दुरी र समय | |
|---|---|---|---|---|
| | | | कि.मि. | घण्टा/दिन |
| | | | | |

३.प्रस्तावित कार्य वा आयोजना बाट लाभान्वित हुने उपभोक्ताहरूको विवरण

| सि. नं. | जग्गा धनीको नाम | स्थानिय निकायको नाम र ठेगाना | परिवार सदस्य संख्या | किता नं. | क्षेत्रफल/ रोपनी | दस्तखत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | जम्मा | | | | | |

४.पुरानो सिंचाई आयोजना भए सो को पृष्ठभुमी

| सि. नं. | निर्माण आयोजना को किसिम | गरी सके को कार्य बर्ष | रकम को श्रोत | रकम रु. | कार्यक्रम को नाम | कार्यान्वयन विधि | हाल को स्थिति |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

५. पानीको श्रोत:

| सि.नं. | श्रोतको नाम | किसिम (सालभरी/ बर्षमा मात्र | औषत जल प्रवाह/से./ घण्टा | | |
|---|---|---|---|---|---|
| | | | बर्षे | हिउँदे | चैते |
| | | | | | |
| | | | | | |

नोट- पानीको श्रोतको किसिम साल भरी पानी हुने व बर्षामा मात्र हुने के कस्तो हो खुलाउनु पर्ने ।

६. पानीको श्रोत मुहान सम्बन्धमा कुनै किसिमको विवाद छ कि छैन। छ/ छैन

७. जल उपभोक्ता कृषकहरुको संगठन

७.१ जल उपभोक्ता कृषकहरुको संगठन छ कि छैन। छ/ छैन

७.२ यदि छ भने जिल्ला जलस्रोत समिति वा जिल्ला प्रशासन कार्यालयमा संस्था दर्ता भएको छ कि छैन। छ/ छैन

- उपभोक्ताहरु संगठित हुन तयार छन कि छैनन्। छन कि छैनन्
- निर्माणको विभिन्न चरणमा सहभागिता जुटाउन तयार छन कि छैनन्। छन कि छैनन्

७.३ मर्मत सुधार आयोजना भए हाल चालु अवस्थामा छ कि छैन। छ कि छैन

७.४ यदि चालु छ भने हाल आयोजनाको संञ्चालन मर्मत संम्भार कसले गर्दै आएको छ। चिनो लगाउनुहोस

७.४.१ जल उपभोक्ताहरु स्वयं द्वारा ( )

७.४.२ अन्य कुनै संस्थाद्वारा ( )

७.४.३ कुनै खास व्यवस्था वा प्रथा नभएको ( )

७.५ प्रस्तावित आयोजनाको निर्माण/ मर्मत सुधार भएपछि त्यसको संञ्चालन तथा मर्मत संम्भार गर्ने पूर्ण जिम्मेवारी लिन उपभोक्ताहरु तयार छन कि छैनन्।छन/ छैनन्

८.मर्मत सुधार आयोजनाको संक्षिप्त विवरण

८.१ आधारभूत विवरण

- मूल नहर/कूलो पैनीको हाल भईरहेको लम्बाई
  ....................................कि.मि.
- शाखा नहर/कुलो/पैनीको हाल भैरहको
  लम्बाई.......................................कि.मि.
- सिंचित क्षेत्रफलः...................................हेक्टर
- संरचनाहरुको संख्या.................................वटा
- बर्षे बाली लाग्ने क्षेत्रफल..........................हेक्टर
- हिउँदे वाली लाग्ने क्षेत्रफल.......................हेक्टर

८.१.२ प्रस्तावित कार्यको विविरण

- विस्तार वा नयाँ थप्नु पर्ने मूल नहर/कुलो पैनीको लम्बाई
- विस्तार वा नयाँ थप्नु पर्ने शाखा नहर/कुलो पैनीको लम्बाई
- विस्तार वा नयाँ थप्नुपर्ने सिंचित क्षेत्रफल....................हेक्टर
- विस्तार वा नयाँ थप्नुपर्ने संरचनाहरुको विवरण....................वटा
- थप बर्षे वाली लाग्ने क्षेत्रफल............................हेक्टर
- थप हिउँदे वाली लाग्ने क्षेत्रफल ...................हेक्टर
- थप चैते वाली लाग्ने क्षेत्रफल...........................हेक्टर

८.२ आधारभुत समस्या ( विवरण छोटकरीमा उल्लेख गर्ने)

८.२.१ मुहान बाट पानी ल्याउँदा पर्ने समस्या ..............................................

८.२.२ मुल नहर/कुलो /पैनीमा पानी चुहिने समस्या.........................................

८.२.३ मूल नहर कुलो पैनीमा भत्कने वा चुहिने समस्या .................................

८.२.४ स्थायी स्ट्रक्चर नभएको...................................................................

८.२.५ सिंचाई व्यवस्थापनको लागि सेडहरु नभएको...........................................

८.२.६ नदी कटान पहिरो जाने.......................................................................

८.२.७ अन्य समस्या.........................................................................................

८.३ सहयोगको आवश्यकता

८.३.१ मुहानमा नदी नियन्त्रणः गर्नुपर्ने/नपर्ने

८.३.२ बाँध वा इन्टेक निर्माणः गर्नुपर्ने/नपर्ने

८.३.३ मुल नहरको केही ठाउँ लाईनिङः गर्नुपर्ने/नपर्ने

८.३.४ खोल्सा वा अन्य ठाउँमा स्थानी स्ट्रक्चरः बनाउनु पर्ने/ नपर्ने

८.३.५ मूल नहर/ कुलो/ पैनीमाः क्षमता बढाउने/लम्बाई बढाउने/दुवै

८.३.६ शाखा नहर/कुलो/पैनीमाः नयाँ निर्माण गर्नुपर्ने/क्षमता बढाउने/लम्बाई बढाउन/ दुवै

८.३.७ पानी बाँडफाँडका लागि आवश्यक संरचनाः गर्नुपर्ने/ नपर्ने

८.४ जल उपभोक्ता कृषकहरु स्वयंले निर्माण गर्न नसक्नुका कारणहरु चिन्ह लगाउनुहोस।

८.४.१ ठूलो रकमको आवश्यकता पर्ने(        )

८.४.२ प्राविधिक सिप र ज्ञान नभएकोले (        )

८.४.३ धेरै पटक बिग्रे भत्केकोले स्थायी समाधान खोजेको (        )

८.४.४ जल उपभोक्ताहरुमा संगठनात्मक स्वरुप नभएको (        )

८.४.५ संगठन भए पनि सक्रियता नभएको (        )

८.४.६ धेरै पटक कोशिस गरेर असफल भएको (        )

९.जल उपभोक्ता कृषकहरुको असफलता

आयोजनाको कार्यमा लाग्ने कुल खर्चमा निम्न अनुरुप सहभागिता व्यहोरिनेः

९.१ रकमका............................प्रतिशत

९.२ श्रमदानमा ..........................प्रतिशत

९.३ जिन्सीमा.......................... प्रतिशत

## ईष्टिमेट अनुसार उपभोक्ता तथा फिदिम नगरपालिकाले सम्पन्न गर्ने कार्यको बाँडफाँड

| फिदिम नगरपालिकाले गर्ने कार्यहरु | | | | लाभग्राहीहरुले गर्ने कार्यहरु | | | |
|---|---|---|---|---|---|---|---|
| आईटम नं. | आईटमको विवरण | परिमाण | मूल्य | आईटम नं. | आईटमको विवरण | परिमाण | मूल्य |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| जम्मा | | | | | | | |
| प्रतिशत खर्च | | | | | | | |

कार्य सम्पन्न गर्ने मितिः

## साना सिंचाई कार्यक्रम सम्बन्धि सम्झौता पत्र

१. यो सम्झौता पत्र सहकारी संस्था/ जल उपभोक्ता संस्था/ कृषक समूह/ कृषि फर्म र फिदिम नगरपालिका विच साना सिंचाई योजना कार्यान्वयन प्रयोजनको लागि प्रयोग गरिनेछ।

२. यो संम्झौता, संम्झौता भएको मिति देखि प्रारम्भ भएको मानिनेछ।

३. उपभोक्ता समूहहरुले सम्झौता भएको मिति बाट कार्य शुरु गर्नु पर्नेछ।

४. साना सिंचाई योजनाको निर्माण कार्य उपभोक्ता समूह आफैले गर्नु पर्नेछ। आफैले नगरी दोस्रो व्यात्ति वा संस्थालाई ठेक्कापट्टा दिई गराउन पाईने छैन।

५. भुक्तानी गर्ने सम्बन्धमा सुपरभिजन गरी फाईनल विल तयार गर्ने प्राविधिकबाट कार्य सम्पन्न प्रतिवेदन तयार गरी उपभोक्ता समूहको बैठकबाट निर्णय गराई फिदिम नगरपालिकामा प्राप्त भएको सात दिन भित्र सम्बन्धित समूह/सहकारी फर्मको नाममा बैंक चेक मार्फत भुक्तानी दिईनेछ।

६. यस योजनाको निर्माण कार्य सोही आ.व. भित्र सम्पन्न गर्नुपर्नेछ।

७. उपभोक्ता समूहको लापरवाहिको कारणबाट कार्य सम्पन्न नभई हानी नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी उपभोक्ता समूहको हुनेछ।

८. उपभोक्ता समूहले निर्माण कार्यको सार्वजनिक जानकारी गराउनुपर्नेछ।

९. आयोजना सम्पन्न भई हस्तान्तरण भैसकेपछि सो को मर्मत संम्भार सम्बन्धि कार्य सम्बन्धित उपभोक्ता समूहको हुनेछ।

१०. निर्माण कार्य अथवा यस सम्बन्धि कुनै विवाद आएमा आर्थिक विकास समितिको निर्णय अन्तिम हुनेछ।

११. यस सम्झौतामा उल्लेख भएका कुराहरुमा यस बमोजिम र अन्य कुराहरुमा प्रचलित ऐन नियम अनुसार हुनेछ।

| | | |
|---|---|---|
| ........................ | ................................ | ................................ |
| अध्यक्ष/प्रतिनिधि | प्रमुख कृषि विकास शाखा | कार्यालय प्रमुख |

नामः

उपभोक्ता समूहको नामः
संस्थाको छापः

## साना सिंचाई विशेष कार्यक्रम अभिलेख (रेकर्ड) फारम (नमुना)

जिल्लाः

नगरपालिकाः

आ.व.

आयोजनाको नामः

भारित

प्रगति

जम्मा निकासा रु

जम्मा

खर्च रु.

| सि.नं | आयोजनाको नाम | आयोजनाको किसिम (नयाँ निर्माण/पुरानो मर्मत संम्भार | ठेगाना | ल.ई. रकम | जम्मा खर्च रु | | | | लाभान्वित परिवार संख्या | सिंचाई हुने क्षेत्रफल हे. | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | कार्यालयको स्वीकृत बजेट | जनसहभागिता | अन्य संघ संस्थाबाट सहयोग | जम्मा रु | | नयाँ निर्माण बाट | पुरानो मर्मत संभार बाट | जम्मा | सिंचाई सुविधा उपलब्ध बाट उत्पादन मा हुन सक्ने वृद्धि ( मे. टन) | |

## माटो परिक्षण गरी माटो सुधारको लागि सामाग्री/ प्रविधि वितरण/ हस्तान्तरण कार्यक्रम

१ माटो परिक्षण तालिम तथा शिविर

परिचयः योजनाबद्ध रुपले खास ठाउँको माटोको समस्यालाई प्रस्टयाउन अभियानको रुपमा माटो परिक्षण शिविर संञ्चालन गरिन्छ। यस्तो शिविर प्राय जसो दुई दिन सम्म गरिन्छ।

कार्यक्रमको उद्धेश्यः

- कृषक सहभागितामा उर्वराशक्तिको जानकारी लिनुको साथै स्थलगत रुपमा माटो विश्लेषण गर्नु ।
- बाली उत्पादन क्षेत्रमा स्थलगत माटो विश्लेषण कार्य गरी माटो व्यवस्थापन सम्बन्धि प्रविधिहरु सिफारिस गर्नु ।

कार्यक्रमको आर्थिक पक्ष/खर्च/ मापदण्ड/नर्मसः

| क्र.सं. | कार्यविवरण | इकाई | परिमाण | दर | जम्मा |
|---|---|---|---|---|---|
| | पहिलो दिन | | | | |
| १ | उदघाटन कार्यक्रम | | | | |
| • | खाजा | संख्या | ५० | १०० | ५००० |
| • | व्यानर | संख्या | १ | १००० | १००० |
| • | रजिष्टर | संख्या | १ | १५० | १५० |
| २ | पर्चा/सूचना | संख्या | १०० | १० | १००० |
| ३ | १०० वटा माटो नमुना परीक्षणको लागि रिएजेन्ट एकमुष्ट | | | | १०००० |
| ४ | माटो जाँच गर्ने कर्मचारी को लागि | संख्या | २ | ५००० | १०००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | भ्रमण भत्ता | | | | |
| ५ | माटो जाँच कोठा व्यवस्थापन | संख्या | १ | ५०० | ५०० |
| | दोस्रो दिन | | | | |
| | माटो व्यवस्थापन तालिम तथा अन्तक्रिया | | | | |
| ६ | कार्यपत्र वापत पारिश्रमिक | संख्या | ४ | १००० | ४००० |
| ७ | प्रवचन वापत पारिश्रमिक | संख्या | ४ | ६०० | २४०० |
| ८ | खाजा | संख्या | ५० | १५० | ७५०० |
| ९ | स्टेशनरी | संख्या | ५० | ५० | २५०० |
| १० | संयोजक भत्ता | दिन | २ | ५०० | १००० |
| ११ | सहयोगी भत्ता | दिन | २ | ३०० | ६०० |
| १२ | प्रतिवेदकको पारिश्रमिक | | | | १००० |
| १३ | विविध | | | | ३५० |
| जम्मा | | | | | ४७००० |

कृषि चुन वितरण: स्वीकृत सरकारी/ जिल्ला/स्थानिय दररेट अनुसार

भकारो सुधार कार्यक्रम

परिचय: दिगो रुपमा माटोको उर्बरा शक्ति कायम राख्न परम्परागत तरिकामा उत्पादन भैरहेको प्राङारिक मलको मुख्य श्रोत गाईवस्तुको मलमुत्र नै हो । गाईवस्तुको मल तथा मुत्रमा भैरहेको खाद्यतत्वलाई बचाउन र गुणस्तर वृद्धि गर्न भकारो सुधार एक प्रमुख कार्य भएको र यस अभियानबाट प्राङारिक अभियानमा समेत महत्वपूर्ण योगदान दिन सक्ने भएको यथार्थतालाई समेत मध्यनजर गरि यो प्रस्ताव सहयोगी हुने भएको र बर्तमान समयको माग अनुरुपको उत्पादन गर्न तथा रसायनिक प्रभावबाट केहि हद सम्म मुक्त गरी पर्यावरण तथा वातावरणमा समेत महत्वपूर्ण भुमिका खेल्नेछ।

कार्यक्रम संञ्चालनको उद्धेश्य:

- गुणस्तरिय गोठेमल उत्पादन तथा प्रयोग मार्फत प्राङ्गारिक उत्पादनलाई जोड दिने।
- रसायनिक मलको प्रयोग गरी कृषि उत्पादन लागत घटाउने।
- दिगो कृषि विकास गरी खाद्य सुरक्षामा योगदान पुऱ्याउने।

न्युनतम मापदण्ड:

भकारो सुधार गर्दा कम्तिमा पनि ३ वटा पशुका लागि भुँईबाट गहुँत नचुहिने गरी पक्की गरिनुपर्ने, गहुँत संकलन ट्याङ्की को ब्यवस्था हुनुपर्ने र भकारो अर्थात मलखाद फाक्ने खाडललाई घाम र पानी बाट जोगाउनको लागि छानोको ब्यवस्था गरिनुपर्ने कुरालाई आधार मानिनेछ।

अनुदान प्राप्त गर्न सक्ने निकायहरु :

- कृषक समूह
- कृषि सहकारी

अनुदान दिईने रकम प्रवाह

- वडा छनौट फिदिम नगरपालिका आर्थिक विकास समिति मार्फत हुनेछ।
- कृषि समूह तथा कृषि सहकारीको छनौट सम्बन्धित वडा कार्यालयकोसिफारिस मार्फत हुनेछ।
- प्रति भकारो सुधार रु.१०,०००।- (दश हजार रुपयाँ मात्र) अनुदान रकम उपलब्ध गराईने छ।
- ३० घर परिवार संख्या यस कार्यकमबाट लाभान्वित हुनेछन।

भकारो सुधार कार्यक्रम सम्बन्धि सम्झौता पत्र

१ यो सम्झौता पत्र कृषि सहकारी संस्था/कृषक समूह र फिदिम नगरपालिका बिच भकारो सुधारयोजना कार्यान्वयन प्रयोजनको लागि प्रयोग गरिनेछ।

२ नगरपालिकाको प्राविधिक मार्फत तयारी ईष्टिमेट बमोजिमको कार्य हुनु पर्नेछ।

३ यो संम्झौता, संम्झौता भएको मिति देखि प्रारम्भ भएको मानिनेछ।

४ समूह/ सहकारीहरुले सम्झौता भएको मिति बाट कार्य शुरु गर्नु पर्नेछ।

५ भकारो सुधार योजनाको निर्माण कार्य उपभोक्ता समूह आफैले गर्नु पर्नेछ। आफैले नगरी दोस्रो व्याक्ति वा संस्थालाई ठेक्कापट्टा दिई गराउन पाईने छैन।

६ भुक्तानी गर्ने सम्बन्धमा सुपरभिजन गरी फाईनल विल तयार गर्ने प्राविधिकबाट कार्य सम्पन्न प्रतिवेदन तयार गरी उपभोक्ता समूहको बैठकबाट निर्णय गराई फिदिम नगरपालिकामा प्राप्त भएको सात दिन भित्र सम्वन्धित समूह/सहकारीको नाममा बैंक चेक मार्फत भुक्तानी दिईनेछ।

७ प्रति भकारो सुधार कन्टेनजेन्सी सहितको रु.१०,०००।- (दश हजार रुपयाँ मात्र) अनुदान रकम उपलब्ध गराईने छ।

८ यस योजनाको निर्माण कार्य मिति भित्र सम्पन्न गर्नुपर्नेछ।

९ समूह सहकारीको लापरवाहिको कारणबाट कार्य सम्पन्न नभई हानी नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी उपभोक्ता समूहको हुनेछ।

१० उपभोक्ता समूहले निर्माण कार्यको सार्वजनिक जानकारी गराउनुपर्नेछ।

११ आयोजना सम्पन्न भई हस्तान्तरण भैसकेपछि सो को मर्मत संम्भार सम्बन्धि कार्य सम्बन्धित उपभोक्ता समूहको हुनेछ।

१२ निर्माण कार्य अथवा यस सम्बन्धि कुनै विवाद आएमा आर्थिक विकास समितिको निर्णय अन्तिम हुनेछ।

१३ यस सम्झौतामा उल्लेख भएका कुराहरुमा यस बमोजिम र अन्य कुराहरुमा प्रचलित ऐन नियम अनुसार हुनेछ।

......................... ................................. .................................

अध्यक्ष/प्रतिनिधि प्रमुख कृषि विकास शाखा कार्यालय प्रमुख

नामः

उपभोक्ता समूहको नामः

संस्थाको छापः

## कृषक पाठशाला संञ्चालन कार्यक्रम

परिचयः किसानको घर घरमा गई आधुनिक कृषि प्रविधि सम्बन्धी जानकारी गराउन धेरै प्राविधिक हरुको आवश्यकता हुन्छ। तसर्थ स्थानीय स्तरमानै किसानहरुको उनीहरुको खेतबारीमा नै बाली अवधिभर बाली उत्पादन संग सम्बद्ध समस्याहरु केन्द्रित भई सहभागितात्मक खोज र प्रयोगका आधारमा बाली उत्पादनका नवीनतम प्रविधिहरु अभ्यास गर्ने थलो कृषक पाठशाला हो। २५-३० जनाको महिला पुरुषहरुको समूहलाई कक्षा भित्र पठन पाठन गराउनुको सट्टा खेतमा व्यवहारिक प्रयोगात्मक र खोजपुर्ण तरिकाहरु अपनाई बाली अवधिभर नियमित रुपले बाली वातावरण प्रणालीको अवलोकन, विश्लेषण र समुह छलफलको आधारमा आफु आफैले ठोस निर्णय लिएर तत्काल आएका समस्याहरुको समाधान गर्न सक्ने कार्य पाठशालाको हो।

उद्धेश्यः

- प्रमाणित उन्नत प्रविधिहरु स्थलगत रुपमा सहभागितात्मक कृषि प्रसारको माध्यमबाट कृषि प्राविधिकहरुले किसानहरुमा प्रवाह गर्ने।
- प्राविधकबाट कृषकहरुमा जानकारी तथा चेतना जगाई प्रविधि हस्तान्तरण कृषक स्वयंलाई सहभागी गराई कृषकहरुको क्षमता विकास मार्फत कृषि उत्पादनमा बृद्धि ल्याउने ।

कृषक पाठशाला संञ्चालन आर्थिक मापदण्ड

| क्र.सं. | कार्यविवरण | इकाई | परिमाण | दर | जम्मा |
|---|---|---|---|---|---|
| १ | स्थलगत कृषक अन्तरकृया गोष्ठी (२ पटक) गोष्ठीमा छलफल हुने बिषयहरुः आई.पि.एम को महत्व, बाली पात्रो र आधारभुत तथ्याङ्क संकलन, समूहको महत्व, लैङ्गिक बिश्लेषण, समस्या पहिचान,कार्यक्रम कार्य योजना तयारीको लागि जम्मा खर्च रकम | | | | - |
| • | पहिलो पटक अन्तक्रिया गोष्ठी गर्न ४० जना कृषक सहभागीहरुलाई चियापान रु १०० का दरले | संख्या | ४० | १००।- | ४०००।- |

| | | | | | |
|---|---|---|---|---|---|
| • | दोस्रो पटक अन्तक्रिया गोष्ठी गर्न ३० जना कृषक सहभागीहरुलाई चियापान रु १०० का दरले | संख्या | ३० | १००।- | ३०००।- |
| • | भिन्दा भिन्दै मितिमा २ पटक सम्म उल्लेखित बिषयमा गोष्ठी संञ्चालन गर्दा चाहिने रजिष्टर, कपी, स्केल, डटपेन, सिसाकलम, मार्करपेन, चार्ट पेपर | संख्या | ७० | १००।- | ७०००।- |
| • | गोष्ठी संञ्चालन गर्न भत्ता प्रति व्यक्ति प्रति दिन रु १००० का दरले २ जना आई.पि.एम. सहजकर्ता/स्रोत व्यक्तिलाई २ दिनको जम्मा | संख्या | ४ | १०००।- | ४०००।- |
| • | यातायात खर्च २ पटकको लागि दिनको २०० का दरले २ जनालाई | पटक | ४ | २००।- | ८००।- |
| २ | स्थलगत कृषक पाठशाला संञ्चालन गर्न | | | | |
| • | २५ जना कृषक र २ जना सहजकर्ताको लागि रु.१०० का दरले १६ हप्ता सम्म खाजा चिया खर्च | संख्या | ४३२ | १००।- | ४३२००।- |
| • | पाठशाला संञ्चालन गर्नको लागि विउ विजन, बेर्ना, कम्पोष्ट मल,मलखाद, सिचाई, बोर्ड तथा अन्य सामाग्रीहरु,प्लाष्टिक ड्रम, साईन बोर्डहरु, जैविक बिषादीहरु, सूक्ष्म खाद्य तत्वहरु, हर्मोनहरु, पेग, प्लाईउड बोर्ड, रंगिन कलम, ब्राउन पेपर, गमला, स्केल ठूलो, पोलिथिन ब्याग, रबर ब्याण्ड, जाली कपडा, मार्कर पेन, कैंचि, धागो, फोटोकपि पेपर, मास्किङ्ग टेप, भाईल, गम आदि बढीमा | | | | १००००।- |

| | | | | | |
|---|---|---|---|---|---|
| | • आई.पि.एम. सहजकर्ता/श्रोत व्याक्तिलाई भत्ता २ जनालाई प्रति हप्ता रु. १०००/- का दरले | संख्या | ३२ | १०००।- | ३२०००।- |
| | • यातायात खर्च १६ दिन (हप्ताको १ दिन) को लागि दिनको रु २०० का दरले २ जनालाई | पटक | ३२ | २००।- | ६४००।- |
| ३ | कृषक दिवस संञ्चालनको लागि | | | | |
| | • आमन्त्रित जनप्रतिनिध, जिल्ला स्तरीय कार्यालय प्रमुख तथा अन्य सहभागी कृषकहरु गरी जम्मा ७५ जनालाई रु १०० का दरले चियापान खर्च | संख्या | ८० | १००/- | ८०००।- |
| | • व्यवस्थापन खर्च स्टेज निर्माण, साउण्ड सर्भिस, टेवल, कुर्सि, भाँडा, सास्कृतिक कार्यक्रमका लागि रकम ग्राफ पेपर, चार्ट पेपर, ध्वजापत्ताका निमन्त्रणा कार्ड, फोटोका लागि | | | | २०००।- |
| | • आई.पि.एम. सहजकर्ता/श्रोत व्याक्तिलाई भत्ता २ जनालाई प्रति हप्ता रु १०००।- का दरले १ दिनको लागि | संख्या | २ | १०००।- | २०००।- |
| | • यातायात खर्च १ दिनको लागि रु २०० को दरले २ जनालाई | पटक | २ | २००।- | ४००।- |
| ४ | कृषक पाठशालाको प्राविधिक प्रतिवेदन तयारी, फोटोकपि, बाईन्डिङ्ग आदि (दुई प्रति) | | | | १०००।- |
| | जम्मा | | | | १२३८००।- |

कार्यक्रम संञ्चालन प्रकृया:

- कृषक पाठशाला कार्यक्रमको संञ्चालन फिदिम नगरपालिकाले कृषक पाठशाला श्रोत ब्यक्ति तथा कृषक सहजकर्ता मार्फत गर्नेछ।
- फिदिम नगरपालिकाबाट प्रविधि ग्रहणको स्तर बिषादी प्रयोग स्थिति कृषकहरुको सागाठनिक अवस्था सामाजिक पुंजि (कृषि सहकारी तथा समूह) को अवस्था वा चेतना स्तर आदिलाई मध्यनजर गर्दै कार्यक्रम संयोजकले कृषक पाठशाला संञ्चालन गर्ने स्थान कृषक समूह तथा सहकारीहरुको छनौट गर्नेछ। समूह/सहकारी छनौट गर्दा महिला, जनजाति, दलित, विपन्न, पिछडिएको समुदाय र क्षेत्रलाई प्राथमिकता दिनुपर्नेछ। विगतका बर्ष हरुमा कृषक पाठशाला संञ्चालन नभएका कृषक समूह तथा सहकारीहरुलाई प्राथमिकता दिनुपर्नेछ।
- कृषक पाठशाला संञ्चालन गर्नु अगाडी कृषक पाठशाला सहजकर्ता, जनप्रतिनिधि संबन्धित स्थलमा गई पाठशाला संञ्चालन गर्ने क्षेत्रमा रहेका कृषक महिला वा मिश्रित समुहको समेत सहभागिता हुने गरी २५ जनाको कृषक समूह छनौट गर्न २ पटक अन्तक्रिया गोष्ठी गर्ने।
- तुलनात्मक अध्ययन तथा परिक्षणहरु संञ्चालन गर्न आवश्यक जग्गा अन्नवाली तरकारीको लागि ५०० वर्ग मिटर खेत/बारीको छनौट गर्ने र कृषकहरु जम्मा भई छलफल गरेर स्थानको निर्धारण गर्ने।
- कुनै वालीको वाली अवधिभर कृषक समूहले निर्धारण गरेको हप्ताको एक दिन विहान ७ बजे देखि १२ बजेसम्म अध्ययन र तालिम संञ्चालन गर्ने।
- कृषकहरुको आवश्यता अनुसार कृषि संग सम्बन्धित बिषयबस्तुमा कम्तिमा ३ वटा विशेष कक्षा संञ्चालन गर्नु पर्ने छ।
- हरेक वालीमा वाली नभित्र्याउदै अन्य कृषकहरुलाई यस प्रविधिको विस्तार गर्ने उद्धेश्य राखि आमन्त्रित पाहुना र अन्य कृषकहरुलाई अध्ययन स्थल भ्रमण, स्टल निरीक्षण, सास्कृतिक कार्यक्रम नजर गराई कृषक दिवस मनाउने उक्त कृषक दिवसमा कृषक पाठशालामा सहभागी कृषकहरुलाई प्रमाणपत्र वितरण सहितको एक समापन समारोह संचालन गर्ने।

## कृषक पाठशाला कार्यक्रम सम्बन्धि संम्झौता

- यो संझौता पत्र कृषक पाठशाला समूह र फिदिम नगरपालिकाको कार्यलय विच कृषक पाठशाला कार्यक्रम कार्यान्वयन प्रयोजनको लागि प्रयोग गरिनेछ।
- यो संम्झौता, संम्झौता भएको मिति देखि प्रारम्भ हुनेछ। मिति भित्र सम्पन्न गरी सक्नु पर्नेछ।
- कृषि प्राविधिकको ईष्टिमेट बमोजिमको कार्य सम्पन्न गर्नुपर्नछ।
- सहकारीको प्रस्तावना बमोजिमको तरकारी वालीमा बिउ रोप्ने देखि वाली तयारी (बजारिकरण) सम्मको अवधि सम्म पाठशाला संञ्चालन गर्नुपर्नेछ।
- पाठशालमा कम्तिमा २० र बढिमा २५ जना सहभागी कृषकहरुमा पाठशाला संञ्चालन गर्नुपर्नेछ।
- तालिम प्राप्त कृषक सहजकर्ता तथा फिदिम नगरपालिका कृषि विकास शाखाको श्रोत व्यक्तिको सहयोगमा पाठशाला संञ्चालन गर्नुपर्नेछ।
- फिदिम नगरपालिकाले समूह/सहकारी मार्फत कृषक पाठशालाको कार्य सम्पन्नको निर्णय गरी अनुगमन पछि मात्र ईष्टिमेट बमोजिम नियमानुसारको करकट्टी सहितको रकम भुक्तानी गर्नेछ। बाँकी सम्पूर्ण खर्च भएको रकम सहकारी स्वयंले व्यहोर्नु पर्नेछ।
- यो संझौतामा उल्लेख भएका कुराहरुमा यस बमोजिम र अन्य कुराहरुमा प्रचलित ऐन नियम अनुसार हुनेछ।

| | | |
|---|---|---|
| अध्यक्ष/प्रतिनिधि | कृषि विकास शाखा | प्रमुख प्रशासकिय अधिकृत |
| नामः- | फिदिम नगरपालिका | फिदिम नगरपालिका |

ठेगाना

उपभोक्ता समूहको नामः-

संस्थाको छापः-

## तरकारी वीउमा अनुदानकार्यक्रम

परिचयः तरकारी वालीको लागि व्यवसायिक खेती गर्न ईच्छुक नविन प्रविधिहरुको प्रयोग गरिरहेका कृषकहरुको लागि उन्नत तथा हाईब्रिड तरकारीको विउ अनुदानमा सहयोग गरी यो कायक्रम संञ्चालन गरिन्छ।

कार्यक्रमको उद्धेश्यः

- व्यवसायिक तरकारी खेती गर्ने कृषकको लागि तरकारी विउमा सत प्रतिशत अनुदान मिल्ने ।
- तरकारी उत्पादन तथा उत्पादकत्व बृद्धि हुने ।

आर्थिक पक्ष

तरकारीको विउ बजार मूल्यको आधारमा खर्च गर्न सकिनेछ। तरकारी वालीको नाम र जात अनिवार्य समावेश हुनु पर्ने छ।

कार्यक्रम छनौट प्रकृयाः

- फिदिम नगरपालिका वडा कार्यालयको सिफारिस मार्फत कृषकहरु छनौट गरिनेछ।

कार्यक्रम संञ्चालन प्रकृया

- तरकारी व्यवसाय गर्ने नयाँ कृषकहरुलाई प्राथमिकता दिईने छ।
- महिला, दलित, जनजाति लाई बढि प्राथमिकता दिईने छ।
- भौगोलिक क्षेत्र बमोजिम प्राविधिक दृष्टिकोणले उपयुक्त तरकारीको विउ वितरण गर्नु पर्ने छ।

## ५०% अनुदानमा च्याउ वीउ वितरणकार्यक्रम

परिचयः कन्ये तथा सिताके च्याउ खेतीमा अभिरुचि राख्ने कृषकहरुलाई च्याउको वीउ वितरण गरिन्छ ।

कार्यक्रमको उद्धेश्यः कृषकहरुलाई च्याउ खेती गर्न प्रोत्साहित गर्नु ।

कार्यविधिः च्याउ उत्पादक कृषकहरुलाई विउ उपलब्ध गराउनुपर्नेछ।

आर्थिक पक्षः च्याउ उत्पादन गर्ने ईच्छुक कृषकहरुलाई च्याउको विउको मूल्यमा ५०% अनुदान दिन सकिनेछ।

## बाली संरक्षण कार्यक्रम

परिचयः फिदिम नगरपालिका भित्रमा किरा, रोग आदिले प्रायः बर्षे पिच्छे बाली नाली आक्रमण गरेका हुन्छन। कहिलेकाहि यसले प्रकोपको रुप लिन पनि सक्छ।यस्तो अवस्थामा यो कार्यक्रमको प्रभावकारीता रहन्छ।

उद्धेश्यः रोग र किराहरुको प्रकोपबाट हुने क्षति कम गर्न कृषकहरुलाई सहयोग पुर्याउनु।

कार्यविधिः

रोग तथा किरा लागेको लक्षण हेरी कृषि प्राविधिकको सिफारिसमा जैविक, रसायनिक विषादी तथा अन्य आवश्यक उपकरण उपलब्ध गराउनुपर्नेछ।

आर्थक पक्षः

स्वीकृत सरकारी/ जिल्ला/ स्थानिय दररेट अनुसारजैविक, रसायनिक विषादी तथा अन्य आवश्यक उपकरण अनुदान दिन सकिनेछ।

## ५०% अनुदानमा कृषि सामाग्रीहरु वितरण

परिचयःव्यवसायिक तथा करेसाबारी खेती गर्न अभिरुचि राख्ने कृषकहरुलाई मागको आधारमा कृषि सामाग्रीहरु जस्तै सिकेचर, हातेआरा, हजारी, स्प्रेयर आदि वितरण गरिन्छ ।

कार्यक्रमको उद्धेश्य: कृषकहरुलाई माग तथा आवश्यकतामा आधारित कृषि सामाग्रीहरु वितरण गर्ने ।

कार्यविधि: कृषकको आवश्यकता तथा माग बमोजिमको कृषि सामाग्रीहरु वितरण गरिनुपर्ने।

आर्थिक पक्ष:व्यवसायिक तथा करेसाबारी खेती गर्ने ईच्छुक कृषकहरुलाई कृषि सामाग्रीहरुको मूल्यमा ५०% अनुदान दिन सकिनेछ।

## फिदिम नगरपालिका क्षेत्रको अगुवा कृषकहरुको सफलताको कथा प्रकाशन

### सफलताका कथा प्रकाशनको उद्धेश्य

- कृषक सफलता कथा प्रकाशन गरि कृषक तथा कृषि पेशालाई मर्यादित, सम्मानित, आकर्षक पेशा बनाउन तथा युवालाई यस तर्फ आकर्षित बनाउन सहयोग गर्ने ।
- फिदिम नगरपालिकामा संचालित कृषि गतिविधिको प्रभाव चित्रण गर्न सहयोग गर्ने ।
- कृषि क्षेत्रमा भएको खर्चको उपदायेता पुष्टि गर्न एवं कृषि सुशासन (प्रविधि तथा सेवा प्रवाह अवस्था) चित्रण गर्न ।

## सफलताको कथाको ढाँचा

### १. व्यक्तिगत विवरण

कृषकको नाम थर :

जन्म मिति, स्थान तथा क्रम : (क्रम भन्नाले पहिलो, दोस्रो सन्तान ...... आदि )

बुवाको नाम : आमाको नाम :

बा-आमाको पेशा :

हालको ठेगाना : (व्यवसाय गर्दै गरेको ठेगाना उल्लेख गर्ने )

स्थायी ठेगाना : जिल्ला : गा वि सः वार्ड नः

सम्पर्क ठेगना : जिल्ला : गा वि सः वार्ड नः सम्पर्क न : ई मेल :

बैबाहिक स्थिति : (यदि बैबाहिक हो भने भए छोरा छोरि संख्या उल्लेख गर्ने )

कृषकको शैक्षिक स्थिति :

कृषक तथा व्यवसायको फोटो : (कृषकको पासपोर्ट फोटो तथा व्यवसायको फोटो संगलन गरि पठाउने ।)

### २. कृषकले कृषि पेशा अपनाउनु भन्दा अघिको अवस्था ( Situation)

(कृषकको यस पेशामा आउनुभन्दा अघि कस्तो अवस्था थियो, कस्ता पारिवारिक, वातावरनिय , अवस्था थिए, तहाको कृषि अवस्था, प्रविधिको अवस्था तथा भोग्नु परेको समस्याको उजागर गर्ने )

| क्र स | कृषकले कृषि पेशा अपनाउनु भन्दा अघिको अवस्थाका आयामहरु | मार्गदर्शनहरु तथा निर्देशन | सम्भावित प्रश्नहरु |
|---|---|---|---|
| क | वातावरणीय तथा पर्यावरणीय अवस्था | कृषकले व्यवसाय अपनाउनु पुर्व हावापानी, मौषम, माटो, सिंचाईको अवस्था, प्राकृतिक प्रकोपको अवस्थाको बारेमा जानकारी लिई कृषि पेशा अपनाउनका चुनौती तथा जानकारी लिने | तपाईले हालको व्यवसाय अपनाउनु भन्दा अघि हाल व्यवसाय संचालन भएको स्थलमा कस्ता कस्ता वातावरनिय अवसर तथा समस्या रहेका थिए ?<br>▪ पानी / सिंचाईको अवस्था<br>▪ जमिनको बर्णन तथा उपयोग अवस्था<br>▪ हावापानी को प्रकार र अवस्था<br>▪ माटोको प्रकार तथा मलिलोपना<br>▪ प्राकृतिक प्रकोप<br>▪ अन्य आवश्यकता महसुस भए थप गर्ने |
| ख | जीविकोपार्जन अवस्था | कृषकले व्यवसाय अपनाउनु पुर्व कृषकको भरण पोषण कसरी हुन्थो तथा आर्थिक अवस्था | तपाईले हालकोव्यवसाय अपनाउनु भन्दा अघि तपाइको पारिवारिक अवस्था कस्तो थियो ? |

| | | | |
|---|---|---|---|
| | | कस्तो थियो उजागर गर्ने | ▪ भरण पोषण कसरी हुन्थो ?माध्यम श्रोत कस्तो थियो ?<br>▪ पारिवारिक शिक्षा दिक्षा कस्तो थियो कंहा थियो ?<br>▪ बिहान बेलुका हातमुख जोड्न समस्या थियो थिएन यदि थियो भने के कस्ता थिए ? |
| ग | कृषि क्षेत्रको अवस्था | कृषकले व्यवसाय अपनाउनु पुर्व कृषि क्षेत्रको समस्या तथा अवस्था चित्रित गर्ने | तपाईले हालकोव्यवसाय अपनाउनु भन्दा अघि कृषि क्षेत्रको अवस्था कस्तो थियो ?<br>▪ प्रविधिको उपलब्धता तथा उपयोग<br>▪ बजारीकरण<br>▪ खेतिपाती प्रति समाजको धारणा<br>▪ खेतीको प्रकार<br>▪ खेति प्रणाली<br>▪ समस्या तथा अवसर |
| घ | समस्याहरु तथा अवसर | कृषक के समस्या तथा अवसरले गर्दा कृषि पेशा अपनाएका हुन चित्रण गर्ने | तपाइले यस पेशा के कस्ता समस्याहरु तथा अवसर देखेर अपनाउनु भएको हो ? |

| | | | |
|---|---|---|---|
| | | | • प्रोबिंग<br>पारिवारिक भरण पोषण ?<br>आर्थिक समस्या ?<br>अन्य अवसर ? |

**२.१ कृषकले कृषि पेशा अपनाउनु भन्दा अघि अपनाएको पेशाको विवरण**

| क्र स | अपनाएको पेशाको विवरण | अवधि (वर्ष) | पेशाको मुख्य कार्य विवरण |
|---|---|---|---|
| | | | |
| | | | |

**२.२ कृषकले कृषि पेशा अपनाउनु भन्दा अघि सरदर वार्षिक आम्दानी कति रहेको थियो ?**

**३. कृषकले वर्तमान कृषि पेशा अपनाउन अभिप्रेरित गर्ने कारक तत्वहरु** (Triggering factor/motivational factor/ turning point)

(यस खण्डमा कृषकले बर्तमान पेशा कसरी अंगाले, के कारणले अंगाले, कसले सो पेशा अंगाल्न सहयोग गर्यो समय सन्दर्भ सहित उल्लेख गर्ने)

**संभावित प्रश्नहरु**

- तपाईं के कस्ता समस्याभोगेर वा के कस्ता अवसरले आकर्षण गरेर यस पेशामा आउनु भयो वा प्रविधि अपनाउन पुग्नु भयो ?
- तपाई यस पेशामा / प्रबिधि अपनाउन कसरी आउनु भयो ? कसले सहयोग गर्यो ?
- कति साल तिर को कुरा हो ?

## ४. Intervention

(यसमा फिदिम नगरपालिकाको कार्यालय वा सरोकार वाला निकायको के क्रियाकलाप वा प्रविधि वा कार्यक्रम ले सफलता हात लग्यो त्यस बारेमा व्याख्या गर्ने , साथै सफलता तथा प्रविधि उपयोगको समयाक्रमसंगै भएको परिवर्तन, साझेदार संस्था, लगानी आदि प्रस्टिने गरि व्याख्या गर्ने )

**संभावित प्रश्नहरु**

- तपाइले के प्रविधि, क्रियाकलाप, वा कार्यक्रम प्राप्त भएपछि वा अपनाए पश्चात सफलता हात लाग्यो ? सो प्रविधि कुन बालि वस्तुहरुमा रहेको थियो ?
- कहिले तिर तपाइले सो प्रविधि अपनाउनु भएको थियो वा क्रियाकलाप गर्नुभएको थियो ?
- कति क्षेत्रमा, कतिको लगानीमा सो प्रविधि प्रयोग वा क्रियाकलाप भएको थियो ? लगानीको श्रोत के थियो ? यदि ऋण भए कति र कहाँबाट प्राप्त भएको थियो ?
- सो प्रविधि अपनाए पश्चात कति आम्दानी गर्नु भएको थियो ?
- सो प्रविधिको बारेमा कसरी थाहा पाउनु भयो ?
- समयक्रमसंगै प्रविधि प्रयोगमा भएको परिवर्तन उल्लेख गर्ने ।

| क स | समय (वर्ष) | ग्रहण गरेको प्रविधि | ग्रहण गरेको प्रविधिको परिणात्मक आयाम |
|---|---|---|---|
| | | | |

- तपाईले प्रविधि/ क्रियाकलाप ग्रहण गर्ने क्रममा हालसम्म कुन कुन सहयोगी संस्थाले कस्तो सहयोग प्राप्त गर्नु भएको थियो ?

| क स | सहयोग गर्ने संस्था | सहयोग प्राप्त भएको वर्ष | के का लागि सहयोग प्राप्त भएको थियो ? | सहयोगको प्रकार | सहयोगको परिमाण |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**५. परीणामहरु (Results)**

**( यसमा क्रियाकलाप वा कार्यक्रम संचालन , प्रविधि प्रयोगबाट प्राप्त तत्कालका प्रतिफलहरु उल्लेख गर्ने जस्तै क्षेत्र विस्तार, आम्दानि विवरण, उत्पादकत्वमा आएको परिवर्तन आदि )**

**सभावित प्रश्नहरु**

- तपाइले पहिला प्रयोग गरेको प्रविधि वा संचालन गरेको प्रविधि अहिले कति क्षेत्रमा विस्तार भएको छ ?
- सो बाट वार्षिक आम्दानी कति छ ?
- कति लगानी गरिएको छ ?
- उत्पादनमा कतिले परिवर्तन भएको छ ?
- रोजगारी कति सिर्जना भएको छ ?

**६. प्रभावहरु (Impacts)**

**( यसमा क्रियाकलाप वा कार्यक्रम संचालन , प्रविधि प्रयोगले पारेका प्रभावहरु बिशेष गरि आर्थिक प्रभाव, सामाजिक प्रभाव , पहिचान तथा आत्मसम्मान जस्ता कुराहरुलाई उल्लेख गर्ने )**

**सभावित प्रश्नहरु**

- तपाईले यस पेशाबाट हालसम्म कति बचत गर्नु भएको छ ?
- तपाइले यस पेशाको आम्दानीबाट कतै घरजग्गा जोड्नु भएको छ यदि जोड्नु भएको छ भने कहाँ कति मूल्य बराबरको, कति क्षेत्रफल उल्लेख गर्ने ।
- अन्य सम्पति आर्जन (सवारी साधन खरिद, सुन चाँदी खरिद ) ।
- अहिले तपाईलाई समाजले कसरी हेरेको पाउनुहुन्छ? पहिला र अहिलेको सामाजिक अवस्थामा के परिवर्तन पाउनुभएको छ ?

- तपाईका छोरा छोरी कहाँ पढछन ? पेशाले छोरा छोरीको शिक्षा दिक्षामा सहयोग पुगेको भए सो उल्लेख गर्ने
- तपाई यस पेशा / प्रविधि / क्रियाकलापको सफलता बापत पुरस्कृत हुनु भएको छ ? यदि हुनुहुन्छ भने

| क्र स | पुरुस्कृत गर्ने संस्थाको नाम | पुरुस्कारको नाम/ धन राशि | पुरस्कृत बर्ष |
|---|---|---|---|
| | | | |
| | | | |

- तपाई अहिले कुनै सामाजिक तथा राजनीतिक संस्था/ संगठनमा आवद्द हुनुहुन्छ ? यदि हुनुहुन्छ भने कुन संस्था तथा कुन पदमा हुनुहुन्छ?

**७. कृषकको धारणा/ भनाइ/ प्रतिक्रिया ( farmers reaction , Perception and quote )**

(यस खण्डमा कृषकको सो प्रविधी प्रतिको धारणा, सरोकार वाला निकाय प्रति कृषकको धारणा, यस्तै पेशा अपनाउन खोज्ने अन्य व्यक्ति प्रति आफ्नो भनाई जस्ता कुरालाई राखे । यो खण्डको उद्धेश्य अन्य व्यक्तिलाई यस पेशामा आउन बल प्रदान होस, सरोकारवाला निकायलाई intervention area पत्ता लाउन सजिलो होस भन्ने भएकोले सोहि अनुसार प्रयास गर्ने )

**संभावित प्रश्नहरु**

- तपाईको यो पेशा/ काम प्रति अहिले समाजले कसरी हेरिरहेको छ ? के भन्छ समाजले ?
- तपाईको सफलता देखेर तपाईको क्षेत्रमा कति जनाले सो प्रविधि अपनाएका छन् वा कति क्षेत्रमा सो विस्तार भएको छ ?
- तपाई यस पेशा प्रति सन्तुष्ट हुनुहुन्छ वा हुनु हुन्न यदि हुनुहुन्छ/ हुनहुन्न भने किन ?
- तपाईलाई आफुले अपनाएको प्रविधिको थप विस्तार गर्न वा अझै परिस्कृत गर्न कस्तो सहयोग कुन कुन निकायबाट आवस्यक छ ?

- तपाई, तपाई जस्तै यस क्षेत्रमा लागेका/ लाग्न लागेका युवा/ समुदाय/साथीहरुलाई यस पेशा/ प्रविधि सम्बन्धमा के भन्नु हुन्छ?

**८. कृषकको भोगाई/सिकाई (lesson learned) तथा भावी योजना (future Plan)**

**(यस खण्डमा कृषक ले प्रविधि ग्रहणमा लागि पर्दाका भोगाई/ सिकाईहरु तथा भविष्यमा प्रविधि/पेशालाई कसरि अगाडी लीएर जाने सोच छ ( सम्भव भए सम्म परिणात्मक) सो कुरालाई लेखे**

**भावित प्रश्नहरु**

- तपाई यस क्षेत्रमा लागेर प्रविधि ग्रहणको क्रममा के के सिक्नु भयो ?
- तपाईको भविस्यको योजना के छ ? भविष्यमा के गर्ने सोच बनाउनु भएको छ ?
- तपाईले संचालन गरेको यो पेशा लामो समयसम्म चल्छ भन्ने लाग्छ वा लाग्दैन ? यदि लाग्छ भने सो का कारणहरु के हुन सक्छन ?
- तपाईले अपनाएको प्रविधि प्रति तपाईको परिवारको धारणा के छ ? तपाईले यो पेशामा परिवारको के कस्तो सहयोग प्राप्त भएको छ ? तपाईका छोरा छोरीले यो पेशा अँगाल्छ वा अंगाल्दैनन ? यदि अँगाल्छ वा अंगाल्दैनन भने सो का कारणहरु के के हुन सक्छन ?

**९. प्रविधि प्रतिको अग्रसरता**

- तपाईलाई वतावारण मैत्री प्रविधि ( प्रांगारिक, श्रोत संरक्षण प्रविधि, जैविक प्रविधि जस्ता प्रविधि ) को बारेमा थाहा छ यदि छ भने तपाईले के कस्ता प्रविधि प्रयोग गर्नु भएको छ ?
- कृषि यन्त्रीकरण मा यहाले के कस्ता प्रविधि प्रयोग गर्नु भएको छ ?
- कृषि विमाको बारेमा यहालाई जानकारी छ, तपाईले कृषि विमा गर्नु भएको छ यदि छ भने के मा कति रकम बराबरको बिमा गर्नु भएको छ यदि जानकारी भएर नि गर्नु नभए सो का कारणहरु के हुन सक्दछन?
- हालसालै तपाइले के कस्ता नवीनतम प्रविधि अपनाउनु भएको छ ? सो सुचिकृत गर्ने ।

- यदि नवीनतम प्रविधि अपनाएको भए सो को जानकारी कहाँ बाट प्राप्त गर्नु भयो ?

**९. सफलता कथामा माथिका कुरा प्रकाशनार्थ सहमत भएको सहमती पत्र संलग्न गर्ने**

## ५०% अनुदानमा प्लाष्टिक पोखरी तथा प्लाष्टिक टनेलका लागि सहयोग

परिचय: प्रतिकुल मौसममा विभिन्न प्रकारका तरकारीहरु रोपी प्रतिकुल मौसममा उत्पादन गरिने विभिन्न प्रकारका तरकारीलाई बेमौसमी तरकारी भनिन्छ। बेमौसममा उत्पादन गरिने कुनै पनि तरकारीको उत्पादन प्रति ईकाई क्षेत्रफल बाट खास मौसममा भन्दा कम उत्पादन भएता पनि बजार मूल्य बढि आउनुका कारण मौसमको भन्दा बढी नै फाईदा हुन्छ। यसरी यस्तो तरकारी खेती प्लाष्टिक टनेल निर्माण गरी गर्न सकिन्छ भने पानी अभाव हुने क्षेत्रमा प्लाष्टिक पोखरी निर्माण गरी पानी संकलनको माध्यमबाट सिंचाई को आवश्यकता पुरा गर्न सकिन्छ।

कार्यक्रमको उद्धेश्य:

- प्लाष्टिक घरमा बेमौसममा पनि मौसमी तरकारी जस्तै गुणस्तरको तरकारी उत्पादन गरी मौसमी तरकारीले भन्दा बढी आन्दानी लिने।
- तरकारी खेतीलाई मुख्या पेशाको रुपमा अपनाउने ।
- वेरोजगारीको समस्या कम गर्ने सकिने।

कार्यविधि

- सिल्लपाउलिनप्लाष्टिक६•१२m2(प्लाष्टिक घरको लागि) १२० GSM
- सिल्लपाउलिनप्लाष्टिक८•१०m2(प्लाष्टिक पोखरीको लागि) २२० GSM

आर्थिक पक्ष

स्वीकृत सरकारी/ जिल्ला/ स्थानिय दररेट अनुसार

## युवा लक्षित व्यवसायिक खेती कार्यक्रम

परिचय: युवाहरुलाई कृषि पेशामा आकर्षित गर्ने प्रविधि, तालिम तथा वीउ पुँजी सहितको व्यवसायिक तरकारी खेती उत्पादन गर्नु हो । २० देखि ५० बर्ष सम्मका नेपाली नागरिक लाई कृषि व्यवसायमा व्यवसायिकिकरण गरी आर्थिक उन्नती गर्नु हो । विशेष गरेर बिदेश बाट फर्केको बेरोजगार युवालाई यस कार्यक्रम मा समावेश गरी आय आर्जन बढाउनु हो।

उद्धेश्य:

- तरकारी तथा च्याउ व्यवसाय संञ्चालनको लागि आवश्यक पर्ने प्रविधि तथा प्रतिस्पर्धि अनुदान प्रदान गर्नु।
- युवाहरुको लागि स्वदेशमा रोजगारीको अवसरहरु श्रृजना गर्न सहयोग गर्ने ।
- युवाहरुको आय आर्जनमा टेवा पुऱ्याई कृषक परिवारको जिवनस्तरमा सुधार ल्याउन सहयोग पुऱ्याउने
- कृषिजन्य बस्तुको उत्पादन तथा उत्पादकत्वमा बृद्धि गर्ने ।

कार्यक्रम संञ्चालन प्रकृया:

- तरकारी खेती गरिने स्थल प्राविधिक, भौगोलिक तथा आर्थिक दृष्टिकोणले उपयुक्त हुनु पर्नेछ।
- तरकारी खेतीको लागि जमिन आफ्नै वा भाडमा लिएर गर्न सकिनेछ।
- व्यवसायिक तरकारी खेतीको लागि सम्बन्धित युवाहरुले कुल लागतको २५% भार व्यहोर्नु पर्नेछ।उक्त भार रकम/ जनश्रमदान/जिन्सी तिनै थरी गरी हुन सक्छ।
- महिला, दलित, पिछडिएको तथा विपन्न युवा वर्गलाई बिशेष प्राथमिकता दिईनेछ।
- वातावरणीय अनुकुल स्किमहरुलाई प्रोत्साहन गरिनेछ।
- एक पटक अनुदान पाएका कृषकहरुलाई पुन: अनुदान दिईने छैन।

अनुदान दिईने रकम प्रवाह

- वडा छनौट फिदिम नगरपालिका आर्थिक विकास समिति मार्फत हुनेछ।
- कृषकहरुको छनौट सम्बन्धित वडा कार्यालयको सिफारिस मार्फत हुनेछ।
- प्रति कृषक रु. २०,०००।- (विस हजार रुपयाँ मात्र) अनुदान रकम उपलब्ध गराईने छ।
- २५ घर परिवार संख्या यस कार्यकमबाट लाभान्वित हुनेछन।

- आवेदकको साथमा अनूसूची २ बमोजिमको ढाँचामा आफूले गर्न चाहने स्किमको संक्षिप्त कार्ययोजना पेश गर्नु पर्नेछ। हरेक स्किममा कम्तिमा थोपा सिंचाई सहितको २ वटा प्लाष्टिक घर अनिवार्य समावेश हुनुपर्नेछ।

# अनुसूचि १

## युवा लक्षित व्यवसायिक खेती कार्यक्रममा अनुदान सहयोग प्राप्त गर्नको लागि दिईने आवेदन-पत्र

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
फिदिम नगर कार्यपालिकाकाको कार्यालय
फिदिम पाँचथर।

बिषय: युवा लक्षित अनुदान सहयोग कार्यक्रम उपलब्ध गराई दिने बारे।

महोदय,

मलाई उक्त अनुदान सहयोग प्राप्त गरी तरकारी खेती गर्ने तिव्र ईच्छा भएकोले निम्नानुसार कागजात राखी निवेदन गर्दछु। मैले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार नगर भित्र रही कार्य गर्नेछु। पुनश्चः तपशिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखेको व्यहोरा अनुरोध गर्दछु।

तपशिल

- अनुसूचि २ अनुसारको संक्षिप्त कार्ययोजना
- नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
- अन्य प्रमाणित प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता आदिको प्रतिलिपिहरु)
- बैदेशिक रोजगारबाट फर्केको हकमा पासपोर्ट प्रतिलिपि

निवेदकको
नाम:
दस्तखत:
ठेगाना:
फोन नं

# अनुसूचि -२

युवा लक्षित व्यवसायिक खेती कार्यक्रमको अवधारणाको संक्षिप्त कार्य योजना

उद्यमी युवा/युवतीको नाम थरः

ठेगानाः गाउँ/टोल वडा नं

नगरपालिका

जिल्ला

संञ्चालन गर्न खोजेको सम्बन्धि व्यवसाय र स्थानः

सहयोग स्वरुप माग गरेको अनुदान रकम रु

आफ्नो लगानी

आफ्नो पारिवारिक श्रम

व्यवसायबाट उत्पादन हुने बस्तु

उत्पादित कृषि बस्तुको परिमाण

बजारयोग्य परिमाण

व्यवसायमा नकारात्मक प्रभाव पार्छ/पार्दैन।

फर्मको नामः सम्पर्क नं

ठेगानाः गाउँ वडा नं नगर

जिल्ला

व्यवसाय संञ्चालन गरिने स्थानः

संञ्चालन गरिने कार्य विवरणः

| क्र सं | संञ्चालन गरिने क्रियाकलाप | अनुदान सहयोग | निजि लगानि | जम्मा लगानि |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

व्यवसाय गरेको भए विगत कति बर्ष देखि ............. निरन्तर गरि रहेको । बर्ष............... महिना........................

व्यवसायको लागि श्रमको व्यवस्थापन: क) पारिवारीक ख) बाहिरबाट ग) दुबै

तर्फबाट सहि गर्नेको

नाम:

संस्थाको छाप

पद

दस्तखत

मिति:

युवा लक्षित व्यवसायिक खेती कार्यक्रमको सम्बन्धि संम्झौता

- यो संझौता पत्र युवा लक्षित व्यवसायिक खेती कार्यक्रम र फिदिम नगरपालिकाको कार्यालय विच कार्यक्रम कार्यान्वयन प्रयोजनको लागि प्रयोग गरिनेछ।
- यो संम्झौता, संम्झौता भएको मिति देखि प्रारम्भ हुनेछ।मिति भित्र सम्पन्न गरी सक्नु पर्नेछ।
- संक्षिप्त कार्य योजना बमोजिमको कार्य सम्पन्न गर्नुपर्नछ।
- फिदिम नगरपालिका बाट आवश्यता अनुसार अनुगमन गर्नेछ।
- फिदिम नगरपालिका कृषि विकास शाखाको श्रोत व्यक्तिको सहयोगमा कार्यक्रम संञ्चालन गर्नुपर्नेछ।
- फिदिम नगरपालिकाले युवा लक्षित व्यवसायिक खेती कार्यक्रमको अनुगमन पछि मात्र कार्यसम्पन्न प्रतिवेदनको आधारमानियमानुसारको करकट्टी गरी बाँकी रकम भुक्तानी गर्नेछ।बाँकी सम्पूर्ण खर्च भएको रकम कृषक स्वयंले व्यहोर्नु पर्नेछ।
- यो संझौतामा उल्लेख भएका कुराहरुमा यस बमोजिम र अन्य कुराहरुमा प्रचलित ऐन नियम अनुसार हुनेछ।

अध्यक्ष/प्रतिनिधि | कृषि विकास शाखा | प्रमुख प्रशासकिय अधिकृत

नामः- फिदिम नगरपालिका | फिदिम नगरपालिका

ठेगाना

संस्थाको छापः-

५०% अनुदानमा बजारीकरणका लागि प्लाष्टिक क्रेटमा सहयोग

परिचयःव्यवसायिक खेती गर्न अभिरुचि राख्ने कृषकहरुलाई मागको आधारमा कृषि सामाग्रीहरु जस्तै प्लाष्टिक क्रेट वितरण गरिन्छ ।

कार्यक्रमको उद्धेश्यः कृषकहरुलाई माग तथा आवश्यकतामा आधारित प्लाष्टिक क्रेट वितरण गर्ने ।

कार्यविधिः कृषकको आवश्यकता तथा माग बमोजिमको प्लाष्टिक क्रेट वितरण गरिनुपर्ने।

आर्थिक पक्षःव्यवसायिक खेती गर्ने ईच्छुक कृषकहरुलाई प्लाष्टिक क्रेट मूल्यमा ५०% अनुदान दिन सकिनेछ।स्वीकृत सरकारी/ जिल्ला/ स्थानिय दररेट अनुसार